# जिल्ला स्तरीय नदी तथा खानीजन्य पदार्थको व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७५

जिल्ला समन्वय समितिको कार्यालय, भद्रपुर, १ नं. प्रदेश, नेपाल

## जिल्ला समन्वय समितिको कार्यालय
## झापा

जिल्ला समन्वय समितिको कार्यालय, भद्रपुर, १ नं. प्रदेश, नेपाल

जारी मिति :- २०७५।११।२२

प्रथम संशोधन :- २०७६।०४।१३

प्रमुख
जिल्ला समन्वय समिति, झापा

# जिल्ला स्तरीय नदी तथा खानीजन्य पदार्थको व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७५

**जारी मिति :- २०७५।११।२२**
**प्रथम संशोधन :- २०७६।०४।१३**

**प्रस्तावना**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/६/२८ को बैठकबाट स्वीकृत भै जारी भएको नदीजन्य पदार्थको व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७५ कार्यादेशको बुदा नं. ७ मा उल्लेख भए बमोजिमको अधिकार प्रयोग गरी झापा जिल्ला भित्रका नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन, संकलन र प्रयोगको कार्यलाई व्यवस्थित गर्न यो कार्यविधि निर्माण गरिएको छ ।

जिल्ला भित्र पर्ने नदी तथा खानीजन्य पदार्थहरुको उत्खनन, संकलन, निकासी, विक्री वितरण कार्य, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा गरिने अनुगमन कार्यलाई व्यवस्थित गर्नु यो कार्यविधीको मुख्य जिम्मेवारी रहेको छ । उक्त प्रतिवेदनले निर्धारित गरेका शर्तहरु पालना गर्नु गराउनु र सो हुन नसके आवश्यक नियमन गर्न यो कार्यविधी जारी गरिएको छ । नदीजन्य पदार्थ (ढुंगा, माटो, गिट्टी, बालुवा) को प्रशोधन सम्बन्धी उद्योगहरु, घाटगद्दी भएको सामाग्रीहरुको नियमन गर्नु पर्ने समेत भएकोले मिति २०७५।११।२२ गते को जिल्ला अनुगमन तथा समन्वय समितिको चौथो बैठकले पारित गरि यो कार्यविधि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो कार्यविधिको नाम "जिल्ला स्तरीय नदी तथा खानीजन्य पदार्थको व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७५" रहेको छ ।

१.२ यो कार्यविधि जिल्ला अनुगमन तथा समन्वय समितिले स्वीकृति गरेको मितिदेखि लागू हुनेछ ।

१.३ यो कार्यविधिको परिपालना गर्नु सम्पुर्ण स्थानीय तह, सरकारी, गैरसरकारी निकाय, नीजि क्षेत्र तथा सरोकारवालाहरुको कर्तव्य हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ "कार्यविधि" भन्नाले झापा जिल्ला क्षेत्र भित्रका नदी तथा खानीजन्य पदार्थको व्यवस्थापन तथा अनुगमन कार्यविधि २०७५ लाई जनाउनेछ ।



प्रमुख
जिल्ला समन्वय समिति, झापा

२.२ "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउने छ ।

२.३ "अनुगमन समिति" भन्नाले जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०६/२८ को बैठकबाट जारि भएको जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यादेश बमोजिम गठित समितिलाई जनाउने छ ।

२.४ "कार्यदल" भन्नाले जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार गठन गरेको प्राविधिकहरु समेतको अनुगमन गर्ने कार्यादेश प्राप्त कार्यदललाई जनाउने छ ।

२.५ "समिति" भन्नाले जिल्ला समन्वय समिति झापालाई जनाउने छ ।

२.६ "नदीजन्य पदार्थ" भन्नाले नदी क्षेत्रमा रहेको रोडा, ढुंगा, गिट्टी, बालुवा, पांगो भष्कट र माटो समेतलाई जनाउने छ ।

२.७ "खानीजन्य पदार्थ" भन्नाले नीजि, सरकारी र सार्वजानिक जग्गामा रहेको रोडा, ढुंगा, गिट्टी, बालुवा, पत्थर, पांगो भष्कट र माटो समेतलाई जनाउने छ ।

२.८ "प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन" भन्नाले नदी तथा खानीजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनको लागि अधिकार प्राप्त निकायले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई जनाउने छ ।

२.९ "निषेधित क्षेत्र" भन्नाले पुलहरुको दाँया बाँया ५०० मिटर भित्र, प्रारम्भिक वातावरणिय परिक्षण स्वीकृत नगरिएको क्षेत्र, चुरे संरक्षण क्षेत्र, वन क्षेत्र, सिंचाइ र खानेपानीको मुहान आसपासको क्षेत्र र नदी नियन्त्रणका लागि बनाइएका पुर्वाधार आसपासका क्षेत्रहरुलाई बुझाउने छ ।

**३. कार्यविधिको आवश्यकता :**

३.१ झापा जिल्ला भित्रका आर्थिक तथा वातावरणीय दृष्टिकोणले नदी तथा खानीजन्य पदार्थ उत्खनन गर्न निषेध गरेको क्षेत्र (वन क्षेत्र, चुरे क्षेत्र, पुलको दाया बाया ५०० मिटर भित्रको क्षेत्र, सिचाई तथा खानेपानी मुहानको आसपासको क्षेत्र) बाट नदी तथा खानीजन्य पदार्थ उत्खनन र निकासी हुन नदिई सो क्षेत्रको संरक्षण गर्न ।

प्रमुख
जिल्ला समन्वय समिति, झापा

तर ती क्षेत्रमा उत्खनन नगर्दा कुनै प्राकृतिक विपती पर्ने भनि जिल्ला विपद व्यवस्थापन समितिबाट शिफारिस भई आएमा अनुगमन समितिले उक्त स्थानमा उत्खनन कार्य गर्न अनुमती प्रदान गर्न सक्ने छ ।

३.२ जिल्ला भित्रका ठुला विकास आयोजनाहरु, सार्वजनिक विकास निर्माण कार्य र निजी निर्माण कार्य समेतलाई निर्माण सामाग्रीको सहज आपुर्तीको व्यवस्थापन गर्न ।

३.३ जिल्लाका विभिन्न स्थानमा सञ्चालित र संचालन हुने क्रममा रहेका क्रसर उद्योगहरुलाई मापदण्ड पालना गर्न गराउन ।

३.४ वन क्षेत्रमा कुनै सरकारी कार्यक्रम/योजनाबाट सीमसार, पोखरी आदि निर्माण गर्नु परेमा डिभिजन वन कार्यालयको सिफारिसको आधारमा अनुगमन समितिले अनुमति दिन सक्ने छ ।

४. **कार्यविधिको उद्देश्य :** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

४.१ नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन वा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन,

४.२ नदीक्षेत्र र ओसार पसार गरिने मार्ग वरिपरीको वातावरण संरक्षण गर्न,

४.३ नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्तिको प्रवन्ध मिलाउन,

४.४ सार्वजनिक निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिन,

४.५ उत्खनन निषेधित क्षेत्रको संरक्षण गर्न,

४.६ जिल्लामा सञ्चालीत क्रसर, फिरफीरे उद्योगहरुलाई मापदण्ड पालना गराउन तथा मापदण्ड पालना नगर्ने त्यस्ता उद्योगलाई नियमन गर्न ।

५. **कार्यविधिको क्षेत्र :**

यो कार्यविधिको कार्यक्षेत्र तपशिल बंमोजिमको हुने छ :-

५.१ झापा जिल्ला भित्रका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ र खानीजन्य पदार्थ उत्खनन/संकलन र विक्री वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका र अस्वीकृत गरेका क्षेत्रहरु ।

५.२ जिल्ला भित्र रहेका अन्य नदी तथा खहरेहरुबाट नदीजन्य पदार्थ उत्खनन संकलन विक्री वितरण गर्न स्वीकृत IEE प्रतिवेदनले उल्लेख गरेका क्षेत्रहरु

५.३ जिल्ला भित्रका वन क्षेत्र र सिंचाई क्षेत्र भित्र रहेका नदी प्रणालीहरुबाट उत्खनन गर्दा डिभिजन वन कार्यालय, झापा, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, झापा तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापा लगायतका कार्यालयहरुको समन्वयमा नदीजन्य पदार्थ उत्खनन र विक्री वितरण गर्न सम्बन्धित निकायद्वारा स्वीकृत IEE प्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

५.४ जिल्ला भित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले संभावित विपतको अवस्था आउन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

५.५ जिल्ला भित्र रहेका विभिन्न निजी जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

५.६ जिल्ला भित्र रहेका विभिन्न सरकारी, सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय वा अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र ।

५.७ जिल्ला भित्रका कृषकले निजी जग्गालाई खेतीयोग्य बनाउदा, माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन गरी उक्त स्थलबाट हटाई अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

**६. प्रारम्भिक वातावरणीय परीक्षण नगरी उत्खनन गर्नु नहुने :**

६.१ स्थानीय तहहरुले नदी तथा खानीजन्य पदार्थको उत्खनन गर्ने प्रयोजनको लागि प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गर्दा डिभिजन बन कार्यालय, झापा, सिंचाई विकास डिभिजन कार्यालय, झापा, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापा तथा चुरे क्षेत्र संरक्षण सम्बन्धी निकायको समन्वयमा तयार गर्नु पर्ने छ ।

६.२ प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत नगरी कुनै पनि नदी तथा खानीहरुबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन, संकलन र घाटगद्दी गर्न पाईने छैन ।



प्रमुख
जिल्ला समन्वय समिति, झापा

६.३ नदी तथा खानीजन्य पदार्थको उत्खनन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित क्षेत्र, क्षेत्रफल र परिमाण भन्दा बढी उत्खनन गर्न पाईने छैन ।

६.४ जिल्ला भित्रका नीजि, सार्वजनिक तथा सरकारी जग्गा धनीले आफ्नो जग्गाबाट नदी तथा खानीजन्य पदार्थको सम्बन्धित निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत नगराई उत्खनन गर्न पाईने छैन ।

**७. उत्खनन विधि :**

यस कार्यविधि बमोजिम उत्खनन् गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्ने छ :-

७.१ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्र, त्यसको क्षेत्रफल र गहिराई सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहबरमा चार किल्ला निर्धारण गरी अनुसुची-१ बमोजिमको होर्डिङ्ग बोर्ड राख्नु पर्ने छ । साथै सो बोर्डमा उत्खनन गरिने विधि (मेसिन वा वेल्चाको प्रयोग) को समेत जानकारी गराईएको हुनु पर्ने छ ।

७.२ के कति परिमाण उत्खनन भएको हो नापजाँच गर्न मिल्ने गरी उत्खनन गर्नु पर्ने छ । उत्खनन क्षेत्र निर्धारण नगरि उत्खनन गर्न पाइने छैन, उत्खनन क्षेत्र निर्धारणका आधारमा परिमाण एकिन गरेपछि मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्नुपर्ने छ । यसरी यकिन गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने छ ।

७.३ यस कार्याविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिंदा कुनै एक स्थानमा मात्र घाटगद्दी गरी विक्री वितरण गर्ने गरी अनमती दिइने छ ।

७.४ नदीजन्य पदार्थ उत्खनन गर्नु पूर्व स्थानीय तहबाट उत्खनन गर्ने स्थलको रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको प्रयोग वा IEE प्रतिवेदनमा उल्लेख भएको क्षेत्रमा मात्र भारी यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्नु पर्ने छ ।

७.५ नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान सुर्योदय देखि साँझ सुर्यास्त सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

७.६ उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण सम्बन्धित स्थानीय तहको सहमतिका आधारमा तय गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको सम्बन्धित स्थानीय तहले समेत निरन्तर अनुगमन गर्ने ।

७.७ परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूचि-२ बमोजिमको ढाँचामा उत्खनन स्थलमा राख्नु पर्ने छ ।

७.८ उत्खनन गरी सकेपछि छनौट गरि छाडिएको काम नलाग्ने वस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराईसम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ । नदीको पानीको मौजुदा (Existing) वहाव क्षेत्र परिवर्तन हुने गरी उत्खनन गर्न पाईने छैन,

७.९ उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र सम्बन्धित स्थानीय तह तथा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिले अनुगमनका क्रममा समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

७.१० उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा वढी हुने गरी संचय गर्न निषेध गरिने छ ।

७.११ उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथि छाड्नु पर्ने छ । उत्खनन सम्बन्धी IEE का सबै सर्त पालना गर्नु पर्ने छ ।

७.१२ उत्खनन स्थलमा अनुगमन समिति वा अख्तियार प्राप्त निकायवाट अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउनु पर्ने छ ।

**८. उत्खनन परिमाण नियन्त्रण विधि :**

उत्खनन गर्न निर्धारण गरिएका स्थलमा स्वीकृत परिमाण भन्दा वढी उत्खनन हुन नदिन तथा IEE स्वीकृत नगरेको र चुरे क्षेत्रबाट उत्खनन हुन नदिन जिल्ला अनुगमन तथा समन्वय समितिले देहाय बमोजिम गर्नु पर्नेछ :-

८.१ स्थानीय तहहरुबाट स्वीकृत नदीजन्य पदार्थको उत्खनन तथा संकलन सम्बन्धी प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन माग गर्ने ।

८.२ स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा नदीजन्य पदार्थको ठेक्का लगाएको भए के कुन नदीको, कुन भाग वा क्षेत्रमा, के कति परिमाणमा उत्खनन वा संकलन गर्न कसलाई ठेक्का लगाएको हो ? सोको विवरण माग गर्ने ।

८.३ दुई वा दुई भन्दा वढी स्थानीय तहहरु वीचमा नदीजन्य पदार्थको उत्खननमा विवाद आए विवादित पक्षलाई सहमतिमा ल्याउन समन्वय गर्ने ।

८.४ ठेकेदारले तोकिएको परिमाण भन्दा वढी उत्खनन गरेको पाइएमा उप्रान्त उत्खनन कार्य तुरुन्त बन्द गर्न गराउन स्थानीय तह र सम्बन्धित ठेकेदारलाई निर्देशन दिने,

८.५ IEE नगरेको क्षेत्र र चुरे क्षेत्रमा अनाधिकृत रुपमा कुनै पनि सरकारी तथा गैरसरकारी संस्था वा व्यक्तिले नदीजन्य पदार्थको उत्खनन तथा संकलन गरेको पाइएमा तुरुन्त रोक लगाई उत्खनन कार्यमा प्रयोग गरेका मेशिन औजारहरु नियन्त्रणमा लिई जरिवाना गर्ने ।

८.६ ठेक्काको शर्त उल्लघन गरी वा राजश्व छली नदीजन्य पदार्थ ओसार पसार गरेको पाइएमा अनुगमन समितिले सुरक्षा निकाय मार्फत पक्राउ गरी आवश्यक जरिवाना असुल उपर गर्ने ।

८.७ ठेक्काको शर्तमा उल्लेख भएको परिमाण भन्दा वढी सामाग्री ठेकेदारले उत्खनन गरेको पाईएमा वढी भएको सामाग्री बराबरको रकम सरकारी राजश्व सरह सम्बन्धित ठेकेदारबाट असुल उपर गर्ने ।

८.८ नदीका आसपासमा आफ्नो नम्बरी जग्गा भनी कुनै व्यक्ति विशेषले नदीजन्य पदार्थ कानुन विपरित उत्खनन गरेको पाइएमा तुरुन्त रोक लगाई कानुन बमोजिम गर्न सम्बन्धित स्थानीय तहलाई निर्देशन दिने ।

८.९ नदी आसपासमा बसोबास गरी नदीजन्य पदार्थको उत्खनन गरी दैनिक जीविकोपार्जन गर्ने नागरिकहरुलाई सम्बन्धित स्थानीय तहले IEE गरेका क्षेत्रहरुमा मात्र स्थानीय तहको समन्वयमा उत्खनन गर्ने व्यवस्था मिलाउने ।

८.१० राजश्व छली नदीजन्य पदार्थहरु ओसार पसार गरेका ढुवानीका साधनहरुलाई तपसिल बमोजिम जरिवाना लिई सचेत गराई अब उप्रान्त नगर्न/नगराउन निर्देशन दिने :-

तपसिल :-

| | | | |
|---|---|---|---|
| १. | प्रति ट्रयाक्टर | - | रु.२,५००।- |
| २. | प्रति ट्रक | - | रु.५,०००।- |
| ३. | प्रति टिपर | - | रु.७,०००।- |

८.११ निषेधित क्षेत्रमा जे.सि.वि. र स्काभेटर प्रयोग गरेको पाईएमा नियन्त्रणमा लिई तपसिल बमोजिम जरिवाना असुल गरी सचेत गराई अब उप्रान्त गर्ने छैन भनी कागज गराई छाडि दिने र पुन पटक पटक निषेधित क्षेत्र सोही बमोजिम कार्य गरे दोव्वर दस्तुर असुल उपर गर्ने :-

तपसिल :-

| | | | |
|---|---|---|---|
| १. | प्रति जे.सि.वि. | - | रु.२०,०००।- |
| २. | प्रति स्काभेटर | - | रु.३०,०००।- |

(यस दफाको प्रयोजनको लागि जे.सि.वि. भन्नाले रवरको टायरवाला (Backhoe) उत्खननको उपकरण र स्काभेटर भन्नाले चेनवाला उत्खननको उपकरण भन्ने बुझाउदछ ।)

८.१२ निषेधित क्षेत्रबाट नदी तथा खानी जन्य पदार्थ ढुवानी गरेमा लोड गरेको सामाग्री ढुवानी कर्ता बाटै अनलोड गर्न लगाइ पदार्थ जफत गरी तपसिल बमोजिम जरिवाना गरिने छ :-

तपसिल :-

| | | | |
|---|---|---|---|
| १. | प्रति ट्रयाक्टर | - | रु.३,०००।- |
| २. | प्रति ट्रक | - | रु.७,०००।- |
| ३. | प्रति टिपर | - | रु.९,०००।- |

८.१३ मानव श्रम शक्ति प्रयोग गरी उत्खनन गर्ने भनी सम्झौता भएको स्थानमा जे.सि.वि. वा स्काभेटर प्रयोग गरेको पाईएमा प्रति औजार रु.३०,०००।- (तीस हजार) जरिवाना असुल उपर गरी सचेत गराई मेशिनरी उपकरण प्रयोगमा बन्देज लगाइने छ ।

८.१४ उपर्युक्त कार्य बमोजिम जिल्ला समन्वय समिति झापाले असुल उपर गरेका जरिवाना, असुल उपर गर्न सहयोग गर्ने कर्मचारी वा सुरक्षा निकायलाई असुल भएको रकमको वीस प्रतिशत रकम सम्बन्धित कर्मचारी वा सुरक्षा निकायलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ ।

८.१५ जिल्ला भित्रका कृषकले निजी जग्गालाई खेतीयोग्य बनाउदा, माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने खानी वा नदीजन्य पदार्थ उत्खनन गरी उक्त स्थलबाट हटाई अन्यत्र ओसार पसार गर्न कानुन बमोजिम राजस्व लिई अनुमती प्रदान गर्न सकिने छ ।

## ९. विविध :

९.१ नदीजन्य पदार्थको अनुगमन कार्यमा लाग्ने आवश्यक खर्च जिल्ला समन्वय समिति झापाले व्यवस्थापन गर्नु पर्नेछ ।

९.२ यो कार्यविधिलाई जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

९.३ यस कार्यविधिमा उल्लेखित प्रावधानहरु यसै बमोजिम हुनेछन् । यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन वा नियमावलीसंग बाझिएमा बाझिएको हदसम्म ऐन वा नियमावली बमोजिम हुनेछ र यस कार्यविधिमा नपरेका कुराहरु सम्बन्धित ऐन नियमावली बमोजिम हुनेछन ।

९.४ यस कार्यविधिमा उल्लेखित प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार जिल्ला अनुगमन तथा समन्वय समितिमा निहित रहनेछ ।

९.५ यस अनुगमन समितिले जिल्ला स्थित क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको नियमित अनुगमन गर्नेछ ।

९.६ माप दण्ड विपरित र सम्बन्धित निकायमा दर्ता नगरिकन संचालन गरेका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुलाई तत्काल बन्द गराईने छ ।

९.७ क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुले नदीजन्य कच्चा पदार्थहरु संकलन तथा खरिद गरिएको स्थलको प्रमाण पेश गर्न नसकेमा राजश्वको दोब्बर दस्तुर जरिवाना लिई आवश्यक निर्देशन दिन सकिने छ ।

९.८ वालुवा प्रशोधन गर्न अनुमति प्राप्त उद्योगले ढुङ्गा गिटी प्रशोधन गर्न नपाइने हुँदा सो गरेको पाइएमा रु. २५,०००।०० जरिवाना गरी ढुङ्गा गिटी प्रशोधन गन तत्काल बन्द गराइने छ ।

जिल्ला समन्वय समितिको कार्यालय, झापा
भद्रपुर
१ नं. प्रदेश, नेपाल

## अनुसूची-१

(दफा ७.१ संग सम्बन्धित)

### उत्खनन स्थलमा राख्ने होर्डिङ्ग वोर्डको नमूना

ठेकेदार, व्यवसायी/कम्पनीको नाम :- सम्पर्क नं.

अनुमति दिने स्थानीय तहको नाम :-

उत्पादन गरिने परिमाण :-

उत्खनन क्षेत्रको :

लम्बाई :

चौडाई :

गहिराई :

चार किल्ला :-

पूर्व :-

पश्चिम :-

उत्तर :-

दक्षिण :-

उत्खनन कार्य शुरु हुने मिति :-

उत्खनन कार्य समाप्त हुने मिति :-

उत्खनन विधि (मेशिन वा बेल्चाको प्रयोग) :-

प्रमुख
जिल्ला समन्वय समिति, झापा

## अनुसूची-२

(दफा ७.७ संग सम्बन्धित)

जिल्ला स्तरीय नदीजन्य तथा ढुंगा गिट्टी र बालुवा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्बन्धी उत्खननकर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन अभिलेख,

स्थानीय तहको नाम र वडा नं. :

नाका वा घाट भएको नदीको नाम :

उत्खनन गरिएको नाका वा घाटको नाम :

| सि.नं. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमन कर्ताको नामथर र दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमुख